## अध्याय नौ

# धमिलिँदै गएको आशा

### अनुसन्धानकर्ताबाट सहयोगीतर्फ

अनुसन्धानको परिणामबारे बासिन्दाहरूसँगको छलफलमा स्पेसले अब आफ्नो कार्यक्रमलाई कसरी अगाडि वढाउन सकिएला भनेर प्रस्ताव राख्यो । पहिला बर्दिया जिल्लामा आफ्नो मुख्य लक्ष्य "अनुसन्धान" भनेर बासिन्दाहरूलाई भन्दै आएकोमा अबदेखि "बासिन्दाहरूको सहयोग" भनी स्पष्ट पार्ने काम भयो । यही वचनबद्धताअनुरूप स्थानीय स्वास्थ्य चौकीसँग संयुक्तरूपमा "सरूवा रोग नियन्त्रण अभियान" सञ्चालन गर्न चाहेको बताइयो ।

बर्दिया जिल्लाभरि प्रत्येक वर्ष जुलाई महिनादेखि अगस्तसम्म जापानी इन्सेफ्लाइटिस तथा मलेरिया फैलिएर प्रायः बासिन्दाहरू विरामी पर्ने गर्थे । त्यहाँका बासिन्दामध्ये विशेष गरी थारू जातिमा जन्मसिद्ध 'मलेरिया प्रतिरोधक क्षमता' छ भन्ने भनाइ थियो । तर तिनीहरूमध्ये पनि बिरामी हुनेहरू छन् भनी स्पेसको अनुसन्धानद्वारा थाहा भयो । दुवै रोग लामखुट्टेद्वारा फैलिने सरूवा रोग भएकोले पानी जम्ने खाल्टाहरू पुर्ने, मानिस तथा गाईवस्तुको गोठ टाढाको दूरीमा राख्ने र सुत्दा झुलको प्रयोग गर्नेजस्ता स-साना कुरामा ध्यान दिएमा सरूवा रोग उन्मूलन गर्न सकिन्छ। साथै रोग लाग्नेबित्तिकै स्वास्थ्य चौकी गई उपचार गराएमा पछि हुने जोखिमबाट बच्न सकिन्छ ।

अब स्थानीय स्वास्थ्य चौकीलाई सहयोग गरी बर्दिया जिल्लाव्यापी “सरूवा रोग नियन्त्रण अभियान” अन्तर्गत स्पेसले पुनर्स्थापन क्षेत्रमा प्रचार-प्रसारको जिम्मा लिने भयो । स्वास्थ्य चौकीमा प्रशस्त बजेट नभएको हुँदा शाप्ला नीरमार्फत प्राप्त आर्थिक सहयोगमा शाप्ला नीरद्वारा प्रचार-प्रसारका पोष्टर छाप्ने काम भयो । स्वास्थ्य चौकीले पुनर्वासीहरूमध्येबाट स्पेसले सिफारिस गरेका दसजना महिला तथा पुरूष युवालाई सहभागी गराई निःशुल्क स्वास्थ्य स्वयंसेवी तालिम सञ्चालन गऱ्यो । तालिमप्राप्त स्वयंसेवीहरूको काम तयार भइसकेका पोष्टरहरू लगेर प्रत्येक गाउँमा गई गाउँलेहरूलाई भेला गरी सरूवा रोग नियन्त्रणमा उपयोगी हुने जानकारीहरू बताउनु थियो ।

प्रस्तावित क्रियाकलाप सामान्य खालको भएको हुँदा सरूवा रोग नियन्त्रणमा प्रभावकारी हुन्छ भन्नेमा मलाई पूर्ण विश्वास थिएन तापनि पाँचओटा कारणले गर्दा मैले त्यो क्रियाकलाप सञ्चालनका निम्ति स्वीकृति दिएँः

- अहिलेसम्म कार्यालय प्रमुखको निर्देशनबाहेक केही काम नगरेका स्पेसका स्थानीय कार्यकर्ताद्वारा पहिलो पटक प्रस्तावित क्रियाकलाप भएको,
- स्थानीय आवश्यकताको पहिचान भएको,
- सरूवा रोग नियन्त्रणमा कुनै वर्ग, जात तथा उमेरको आधारमा भेदभाव नगरी सम्पूर्ण बासिन्दालाई समान सेवा प्रदान हुने,
- जून महिनाभरि मात्र यो अभियान सञ्चालन गरिने हुनाले अन्य क्रियाकलापमा बाधा नपर्ने, र
- स्वस्थ्य चौकीलाई सहयोग गर्दा स्पेसप्रति क्षेत्रीय प्रशासनको दृष्टिकोण पनि सकारात्मक हुने ।

अहिलेसम्म प्रत्येक गाउँमा बसेरै सर्वेक्षण गर्दै आएका स्पेसका स्थानीय कार्यकर्ताहरूले अब पुनर्वास नजिकैको बजारमा स्थानीय कार्यालय खोली सबैजना त्यहीँ बसेर काम गर्ने कुरा भयो । अनुसन्धानकर्ताहरूले गाउँलेसँग भिजेर आर्जन गरेको विश्वास निकै लाभदायक सिद्ध भयो । उनीहरूले पुनर्वासीहरूको वर्ग विभाजन तथा परम्परागत मौलिक सङ्गठन “खेल” को बारेमा थाहा पाएको पनि त्यहाँका बासिन्दाहरूको जीवनलाई नजिकबाट अनुभव गरेको कारणले नै हो ।

तर स्थानीय कर्मचारीको भनाइअनुसार रमेशलगायत एउटा वर्गका बासिन्दामा "हामी जस्ता गरीबका लागि यिनीहरू केही काम लाग्दैनन्" भन्ने खालको नकारात्मक भावना पनि थियो । सरूवा रोग नियन्त्रण अभियानको थालनीसँगै अब स्पेसलाई पनि स्थानीय बासिन्दासामु एक गैससको रूपमा प्रस्तुत गर्नु उपयुक्त हुन्छ होला भनी स्पेसले स्थानीय कार्यालय सञ्चालनको प्रस्ताव राखेकोमा मैले पनि सहमति जनाएँ ।

## कार्यक्षेत्र परिवर्तन तथा परीक्षण परियोजनाको सुरुआत

स्पेसको प्रस्तावमा अहिलेसम्म अनुसन्धानको दायराभित्र परेका लक्ष्मणा, हरैया र खैरनी गाउँमध्येबाट रमेश बस्ने लक्ष्मणा गाउँलाई हटाई अरू तीनओटा गाउँलाई समावेश गर्ने कुरा सबभन्दा महत्त्वपूर्ण थियो । नयाँ समावेश भएका दमौली, काकाउरा र बाँसगडी तीनओटा गाउँ कनरा अभियान सुरु हुनुभन्दा अघि नै जग्गा प्राप्त गरी स्थापित भएका पूर्वकमैयाहरूको बस्ती थियो । ध्रुवका अनुसार कार्यक्षेत्र परिवर्तन गर्नाको मुख्य कारण "स्पेसका क्रियाकलापमा रमेशको प्रभावलाई कमजोर बनाउनका लागि" भन्ने थियो ।

१९९७ अप्रिलमा स्पेसले बर्दिया जिल्लामा अनुसन्धान पुनः सञ्चालन गरेपछि रमेशबाट स्पेसका क्रियाकलापमा कुनै बाधा व्यवधान आएनन् । तथापि कार्यक्रमको विषयमा पूर्वाग्रहपूर्ण दबाब सिर्जना गर्न खोजेको भने अवश्य हो । उनको वा उनका आफन्तहरूसँग स्पेसले पूर्वस्वीकृति लिनुपर्ने भन्ने विचार प्रस्ट देखिन्थ्यो । साथै उनको कुरा नमान्ने हो भने "गाउँमा क्रियाकलाप गर्ने कोसिस नगरे पनि हुन्छ" भनेर उनले स्पेसलाई धम्की दिन खोजेका पनि थिए ।

अर्कोतर्फ स्पेसलाई अनुसन्धान पुनः सुरु गरी पुनर्वासीहरूसँग सम्पर्क सम्बन्ध बढाउने क्रममा उनीहरूमा रमेशको दादागिरीप्रति असन्तुष्टि बढिरहेको अनुभव भयो । जमिनदार तथा सरकारसँग जग्गाप्राप्ति अभियानको सङ्घर्षमा रमेशजस्ता नेताको निकै आवश्यकता थियो । तर जग्गा प्राप्त गरी नयाँ निर्माणतर्फ लागेका बासिन्दाहरूले प्रजातान्त्रिक ढङ्गले आफ्ना कुराहरू व्यक्त गर्न सकिने परिपाटीको खोजी गर्न थालेका थिए । खास गरी यस प्रक्रियामा प्रत्येक गाउँका "खेल" को नेतृत्व गर्ने "बादोगा" थिए ।

रमेशको लक्ष्मणा गाउँमा भने बादोगालाई रमेशको सामना गर्न गाह्रो थियो । तर हरैया र खैरनी गाउँका बादोगाले "रमेशले स्पेसलाई बहिष्कार गर्न खोजे पनि विनाकारण वहिष्कार नगर्ने" निर्णय गरे ।

स्पेसलाई पछिको अनुसन्धानबाट बर्दिया जिल्लामा तीनओटा गाउँबाहेक अरू पनि पूर्वकमैयाका बस्तीबारे थाहा भयो । कनरा अभियान सुरु हुनुभन्दा पहिले नै स्थापित ती बस्तीमा रमेशको प्रत्यक्ष प्रभाव थिएन । यी गाउँका बासिन्दाहरूले पनि कमैया, ज्यालादारी मजदुर र मोही गरी तीन वर्गमा विभाजित भएकोले कनराका बासिन्दासरह समानखाले समस्या भोगिरहेको कुरा पनि थाहा भयो ।

रमेशको स्वेच्छाचारिताबाट स्पेस तथा पुनर्वासीहरूबीचको क्रियाकलापमा बाधा नपुगोस् भनेर उनको प्रत्यक्ष प्रभाव भएको लक्ष्मणा गाउँलाई क्रियाकलापमा समावेश नगरी अन्य गाउँलाई यस क्रियाकलापमा समावेश गरिएको चर्चा माथि नै भइसकेको छ । अर्कातिर केही गरी स्पेसको विश्लेषण त्रुटिपूर्ण हुनगयो भने त यसले रमेशसँगको सम्बन्ध अरू बिग्रन गई फेरि बर्दियाबाट पूर्णरूपले फर्किनु पर्ने त होइन भन्ने डर पनि थियो । रमेशसँगको "प्रत्यक्ष कुराकानी" पछि स्पेसले कार्यक्षेत्रको भ्रमण गर्न उचित नहुने भनी दिएको सल्लाहअनुसार ममा पनि कार्यक्षेत्रको अवस्थाको जाँच गर्ने क्षमता हुने कुरा भएन । चिन्तित नभएको त म पनि होइन, तर यस सम्बन्धमा स्पेसलाई विश्वास गर्नु बाहेक अरू केही उपाय थिएन ।

सहयोग योजना प्रभावकारी नभएकोले स्थानीय कार्यालयको स्थापना तथा कार्यक्षेत्र परिवर्तनको प्रस्तावबारे शाप्ला नीर, टोकियोले सुरुमा धेरै शङ्का व्यक्त गरेको थियो । तर मैले स्थानीय परिस्थिति तथा स्पेसको निर्णयका आधार प्रस्ट पारेपछि उनीहरूको अनुमति प्राप्त गरेँ ।

यसरी १९९८ फेब्रुअरीदेखि १९९९ मार्चसम्म झण्डै एक वर्ष सरूवा रोग नियन्त्रणसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरेपछि अनुसन्धानको परिणामअनुरूप बासिन्दाहरूले मूल्याङ्कन गर्ने गरी पाइलट प्रोजेक्टको योजना स्वीकृत गरियो । यसको लागि तेह्र लाख रुपियाँ बजेट विनियोजन गरियो । साथै बासिन्दाहरूबाट नयाँ प्रस्ताव गरिने क्रियाकलाप पनि सम्पादन गर्नसक्ने किसिमले निर्देशनबाहेक भनी तयारी खर्चको लागि एक लाख रुपियाँ समावेश गरियो । यो सबै स्पेसको प्रस्तावअनुसार त्यसै वर्षदेखि सुरु हुने अभियान थियो ।

## पाठचपुस्तकप्रतिको आकर्षण

रमेशको लक्ष्मणा गाउँलाई कार्यक्षेत्रमा समावेश नगरे पनि अन्य गाउँमा सञ्चालित स्पेसका क्रियाकलापमा उनले कुनै दख्खल दिन सकेनन् । यो स्पेसको लागि

सकारात्मक कुरा थियो । पुनर्वासमा आफ्नो सुरक्षा गर्न सफल भएको स्पेसले अहिलेसम्मको अनुसन्धानको परिणामलाई बासिन्दाहरूबीच लैजाने प्रक्रिया थाल्यो । कुराकानीलाई बासिन्दाहरूबीच पु¥याउने माध्यमको रूपमा पुरूषका लागि “खेल” को बैठक र महिलाको लागि साक्षरता कक्षा सञ्चालन गरियो ।

त्यस बेला बर्दिया जिल्लामा सञ्चालित साक्षरता कार्यक्रममा उपयोग गरिएको परावर्तनको विधिमा स्थानीय कार्यकर्ताहरूले दुइटा मुख्य कमजोरी औँल्याएका थिए ।

पहिलो, उल्लिखित विधि लागू गर्ने विचार उचित भए पनि कार्यान्वयनको लागि उच्चस्तरीय सीप चाहिने हुँदा कार्यक्षेत्रमा वास्तविक प्रयोगमा ल्याउन निकै कठिन छ । “जागरण” तथा “सहभागितामूलक ग्रामीण अनुसन्धान” मध्ये एउटालाई त प्रभावकारी रूपमा प्रयोग गर्न सकिँदैन भने दुईओटै विधिलाई एकैसाथ प्रयोग गर्न मुस्किल पर्दछ भनियो । यो कुरा स्वाभाविकै थियो । पहिला हरैया गाउँमा सञ्चालित परावर्तनको विधि निकै प्रभावकारी थियो । बाहिरबाट हेर्दा सजिलो देखिए पनि सबै अक्षर सिकाउन भने गाह्रो थियो होला ।

दोस्रो, पाठ्यपुस्तक प्रयोग नगर्दा बासिन्दाहरूमा निकै असन्तुष्टि देखा प¥यो । चाहे सरकारद्वारा होस् अथवा गैसस सामान्यतः नेपालमा सञ्चालित साक्षरता कार्यक्रममा पाठ्यपुस्तकको प्रयोग गरी पढाउने प्रचलन पाइन्छ । साक्षरता कार्यक्रममा बासिन्दाहरू उत्साहका साथ सहभागी हुने एउटा मूल कारण “पाठ्यपुस्तक पाउँछौँ” भन्ने पनि हो । बारम्बार स्पेसका स्थानीय कार्यकर्ताले पाठ्यपुस्तकविनाको सिकाइ नै परावर्तनको विशेषता हो भनेर बुझाउने प्रयास गरे पनि त्यो सफल हुन सकेन । विद्यालयको अनुभव नभएका पुनर्वासी महिलाहरूको धोको पनि पाठ्यपुस्तक प्रयोग गरेर लेखपढ गर्ने थियो । उनीहरू विद्यालयमा पाठ्यपुस्तकको प्रयोगप्रति निकै आकर्षित थिए ।

यसरी कार्यक्षेत्रको अवस्थालाई मध्यनजर गर्दै अहिलेसम्म स्पेसले सिन्धुलीको कार्यक्रममा समेत प्रयोगमा ल्याएको “मूल शब्द” मा केन्द्रित पाठ्यविधिमा परिवर्तन ग¥यो । बासिन्दाहरूको जीवनसँग गहिरो सम्बन्ध राख्ने शब्द छानेर, पटकपटक त्यसको विषयमा विश्लेषण र छलफल गर्दै अक्षरको पनि अध्यापन गराउन थालियो । गाउँको मौलिक सङ्गठन “खेल” लाई गाउँका चाडपर्वमा मात्र होइन, गाउँको विकासमा पनि जागृत गराउनु पर्ने विचार स्पेसले गरिरहेको थियो । यस विषयमा बासिन्दाहरूको धारणा बुझ्न साक्षरता कार्यक्रममा “खेल” भन्ने शब्द ल्याएर “खे” र “ल” लेख्ने तरिका सिकाउँदै छलफललाई अगाडि

बढाइयो । प्रत्येक कक्षामा कुन कुन शब्द लिने भनेर स्पेसले संयुक्त रूपमा गर्न चाहेको अनुसन्धानको विषय तथा पूर्वकक्षामा बासिन्दाहरूको प्रतिक्रियाका आधारमा निर्णय गरिन्थ्यो । यसरी अर्को कक्षामा प्रयोग गर्ने पाठ्यसामग्री प्रत्येकपटक लिथो मेसिनबाट छाप्ने गरिन्थ्यो । त्यसरी छापेका पाठ्यसामग्रीहरू बाँड्न थालेपछि "पाठ्यपुस्तक चाहिन्छ" भन्ने ती बासिन्दाहरूको माग केही मात्रामा भए पनि पूरा गर्न सकियो ।

## जगतको फरक विश्लेषण

सरूवा रोग नियन्त्रण अभियान तथा साक्षरता कार्यक्रमका क्रियाकलापलाई प्रभावकारी रूपमा अगाडि बढाउने कुरा त भयो तर पुनर्वासमा सञ्चालन गर्ने दीर्घकालीन योजना अक्टोबर महिनासम्म पनि तयार हुन सकेन । मैले केही प्रतिवेदन पाएको थिइन । तर त्यस बेला कार्यक्षेत्रमा "कमैयाबाट ऋणी मजदुर र त्यसपछि मोहीको श्रेणीमा उन्मुख गर्न सकिन्छ कि ?" अथवा "खेललाई मूल आधार बनाएर विकासतर्फ अघि सरेमा कस्तो होला ?" भन्ने हाम्रो विचारमा बासिन्दाबाट पूर्ण सहमति प्राप्त नभएसम्म कार्यान्वयन गर्न मुस्किल पर्दथ्यो । तर "डिसेम्बरको अन्तसम्म आगामी पञ्चवर्षीय कार्ययोजना पेश गर्नू" भनी शाप्ला नीरबाट निर्देशन आएकोले योजना सुरुदेखि दोहोऱ्याउने समय स्पेससँग थिएन ।

अन्तमा स्पेसले "सबै बासिन्दाहरू मोही बन्ने चाहना गर्दैनन्" भन्ने टिप्पणी सहित निम्नअनुसारको मूल विधिमा आधारित कार्ययोजना पेश गऱ्यो । यो १९९६ जनवरीदेखि पुनर्स्थापन क्षेत्रमा बसेर अनुसन्धान सुरु भएयता पूरा तीन वर्ष लगाई तयार गरेको सहयोग योजना थियो: "पुनर्स्थापित क्षेत्रका प्रत्येक घरहरू कमैया, ज्यालादारी मजदुर र मोही जुन वर्गमा समावेश गरिएको छ, सोअनुसार तिनीहरूको आवश्यकता सुहाउँदो क्रियाकलाप गर्नुपर्दा "खेल" ले नेतृत्व गर्नसक्ने देखिएकोले सामूहिक बचत, व्यावसायिक तालिम, सामूहिक गोरु खरिदी जस्ता क्रियाकलापलाई सहयोग गर्ने । क्रियाकलापद्वारा पुनर्वासीहरूलाई कमैयाबाट ज्यालादारी मजदुरमा परिणत गर्दै मोहीको वर्गमा पुऱ्याउने ।"

अर्को वर्ष १९९९ फेब्रुअरीमा टोकियो कार्यालयबाट आएका प्रतिनिधि र मैले यस योजनाबारे स्पेससँग सरसल्लाह गर्दै थियौँ त्यसै बेला स्थानीय कार्यक्षेत्रका जिम्मेवार व्यक्ति जगतले एउटा अनौठो कुरा निकाले: "कार्यस्थलको अवलोकन गर्दा एउटा घरमा एकजना ज्यालादारी मजदुरको रूपमा मजदुरी गर्नका लागि बाहिर

गए पनि परिवारका बाँकी सदस्यहरू कमैयाकै स्थितिमा रहने भएको हुँदा घरधुरीको आधारमा वर्ग विभाजन गर्न गाह्रो हुँदैन र ? साथै मोहीलाई दिइने जग्गा सीमित भएकोले पुनर्वासी सबैलाई मोही बनाउने लक्ष्य राख्नु असम्भव कुरा हुँदैन र ?"

एक्कासि जगतले यस्तो कुरा गरे । सुरुमा मैले जगतले के भन्न खोजेका हुन् बुझ्न सकिन । उनले कार्ययोजनाप्रति जुन आशङ्का व्यक्त गरे, त्यो थाहा पाएपछि म दोधारमा परेँ । तीन वर्षदेखि अनेक प्रकारका बाधाव्यवधानहरूको सामना गर्दै तयार हुनै लागेको कार्ययोजना अहिले आएर वास्तविक अवस्थासँग मेल नखाने भन्दा त यो योजना पनि स्थगित हुने सम्भावना देखियो ।

जगतले यी कुराहरू अङ्ग्रेजीमा भन्न सुरु गरे । तर उनको अङ्ग्रेजी कमजोर भएको कारण बीचबाट नेपालीमा भन्न थालेकोले टोकियोका प्रतिनिधिहरूले जगतको कुरा स्पष्टरूपमा बुझ्न सकेनन् । मलाई त्यो कार्ययोजना जतिसक्दो चाँडै सिध्याउन पाए हुन्थ्यो भन्ने लागेकोले जगतले उठाएको विषयलाई अन्तै मोडेर कुराकानी अगाडि बढाएँ । अन्तमा "अहिले तीन वर्षपछिको कुरालाई अनुमान गर्न कठिन छ" भनी सम्पूर्ण योजनालाई पाँचबाट तीन वर्षमा झारी प्रस्तावअनुसार नै स्वीकृत गरियो ।

टोकियो कार्यालयका प्रतिनिधिसँगको छलफल सफलतापूर्वक सम्पन्न भए पनि कार्ययोजनाको प्रस्ताव शाप्ला नीरले औपचारिक रूपमा अनुमोदन गरी बजेट पारित गर्नका लागि एउटा सर्त राखियो, जसअनुसार नेपाली परामर्शदातासँग सम्झौता गरी कार्यक्षेत्रको अवस्थाबारे निरीक्षण गर्नुपर्ने भयो ।

१९९६ डिसेम्बरमा रमेशसँग भएको "प्रत्यक्ष भेटघाट" पछि मैले झण्डै दुई वर्षसम्म बर्दिया जिल्लामा पाइला टेकेको थिइन । पहिले त "रमेशलाई उत्तेजित नगराउनु बेस होला" भन्ने कारणले स्पेसले कार्यक्षेत्रको भ्रमण नगर्न सल्लाह दिएको थियो । पछिल्लो समयतिर भने नेपालको मध्यपश्चिम क्षेत्रमा "माओवादी" विद्रोहीहरूको चलखेल बढी भएकोले "विदेशीहरूको लागि गाउँमा जान जोखिम छ" भन्ने मान्यताकै कारण कार्यक्षेत्रमा जान सकिएन ।[1] जापानी आवासीय प्रतिनिधिहरू कार्यक्षेत्रमा जान नमिले पनि प्रस्तुत दीर्घकालीन योजनालाई औपचारिक

---

[1] माओवादी विद्रोहको असरले गर्दा सुरक्षाव्यवस्थामा ह्रास आएकोले शाप्ला नीरले स्पेसमार्फत पश्चिम नेपालको पहाडी जिल्ला सल्यानमा सञ्चालन गरिरहेको ग्रामीण विकास परियोजना १९९८ अक्टोबरदेखि स्थगित भई १९९९ अक्टोबरमा बन्दै भयो ।

ढङ्गले पारित गर्नुअगाडि स्पेस इतरका व्यक्ति या संस्थाले कार्यक्षेत्रको अवस्थाको निरीक्षण गर्नु राम्रो होला कि भन्ने विचार आयो । शाप्ला नीरले सम्झौता गरेको नेपाली परामर्शदाताद्वारा अप्रिल २ तारिखदेखि बर्दिया जिल्लाको भ्रमण गरी ८ तारिखमा अनुसन्धान प्रतिवेदन प्रस्तुत गरियो । कार्ययोजनामा पुनः यसरी आशङ्का प्रकट गरिएपछि मेरो ध्यानाकर्षण भयो । "शाप्ला नीर र स्पेसको तीनवर्षे कार्ययोजनामा पुनर्वासीहरूलाई अन्तमा मोहीतर्फ उन्मुख गराउने लक्ष्य निर्धारण गरिए तापनि वास्तवमा सबै बासिन्दा मोही बन्न चाहँदैनन् । केही न केही व्यावसायिक सीप हासिल गरी आफ्नै व्यवसायबाट स्वाबलम्बी बन्ने चाहना भएका पनि धेरै नै छन् ।" तथापि यस बेलासम्म पनि मैले "मोहीको अवस्थातर्फ उन्मुख गराउने" विचारलाई त्यागेको थिइन । टोकियो कार्यालयमा "वास्तविकता यस्तो भए पनि क्रियाकलाप अन्तर्गत व्यावसायिक तालिमलाई बढी जोड दिएमा यो समाधान गर्न सकिने समस्या हो" भन्ने सुझावसहित परामर्शदाताको प्रतिवेदन पठाइयो । अप्रिल १० तारिख स्पेससँगको तीनवर्षे कार्ययोजनालाई टोकियोमा आयोजित शाप्ला नीरको स्थायी समितिको बैठकले औपचारिक[२] रूपमा अनुमोदन गऱ्यो ।

## अपरिपक्वता

चार दिनपछि अप्रिल १४ तारिखका टोकियो कार्यालयबाट अबको "परियोजनाबाट पुनर्वासीहरू उपल्लो वर्गतर्फ उन्मुख हुन्छन् या हुँदैनन् भनी मूल्याङ्कन गर्नका लागि केही लक्ष्य तथा मापदण्ड निर्धारण हुनु आवश्यक छ" भन्ने निर्देशन प्राप्त भयो । मैले ध्रुवलाई लक्ष्य तथा मापदण्ड निर्धारणको विषयमा स्थानीय कार्यालयको विचार बुझ्न अनुरोध गरेँ । तर स्पष्टीकरणको लागि बर्दियाबाट काठमाडौँ आएका जगतले "कार्यक्षेत्रको वास्तविक अवस्थाको विश्लेषण गर्दा त्यसप्रकारको लक्ष्य तथा मापदण्ड निर्धारण गर्न असम्भव" भएको जनाए । पछि फेब्रुअरीको बैठकमा त्यसका सम्बन्धमा उनको स्पष्टीकरण आयो ।

जगतले "पुनर्वासीहरूमा कमैयालाई ज्यालादारी मजदुर र ज्यालादारी मजदुरलाई मोहीको वर्गतर्फ उन्मुख गराउने" कुरामा आधारित रहेर क्रियाकलाप सुरु गर्ने भनिएको थियो । तर कार्यक्षेत्रको वास्तविकता थाहा हुँदै गएपछि "यो कार्ययोजना कार्यान्वयन गर्न कठिन हुन्छ भन्ने लाग्यो" गरे । वास्तवमा क्रियाकलाप

---

२ शाप्ला नीरको सञ्चालक समिति ।

सुरु गर्दा उनले पुनर्वासीका पूरै तीन वर्गलाई एउटै वर्गमा समावेश गर्ने निर्णय गरे । तर वास्तवमा प्रत्येक घरधुरीअनुसार रोजगारीको अवस्थाबारे सर्वेक्षण गर्दा "लोग्ने र स्वास्नी दुवैजना जमिनदारको अधीनमा मोहीको रूपमा काम गरिरहे तापनि जेठो छोरा तथा छोरीहरू नजिकको सडक निर्माण कार्यमा ज्यालादारी मजदुरको रूपमा र माहिलो छोरा कमैयाको रूपमा कुनै अर्को जमिन्दारकहाँ काम गरिरहेको" जस्तो स्थिति पनि देखियो । त्यसमाथि पनि समय र अवस्थाअनुसार कसले कुन ठाउँमा काम गर्ने भन्नेजस्ता कुरामा लचकता देखिएकोले घरधुरीको आधारमा वर्ग विभाजन गर्नु असम्भव रहेछ ।

यसप्रकार प्रत्येक घरधुरीको आधारमा होइन, एक एक बासिन्दाको वर्ग विश्लेषण गरी उपल्लो वर्गमा उन्मुख गराउन सकेमा राम्रो होला भनी विचार गरियो । तर बासिन्दाहरूको जवाफ थियो, "पुनर्वासी सबै मोही बन्ने कुरा असम्भव छ । यदि यस्तो गर्न खोजियो भने झन् नोक्सान मात्र हुनेछ ।" बासिन्दाहरूको भनाइअनुसार ज्यालादारी मजदुरसँग हलो जोत्ने गोरु छन् भन्दैमा ती मोहीमा परिवर्तन हुन सक्दैनन् । साथै खेतीयोग्य जमिनमा कमैयासँगभन्दा मोहीसँग सम्झौता गर्ने विचार भएका जमिनदारहरू धेरै नभएकोले अरू केही उपाय हुँदैन । मोही बन्ने रहर भएका मजदुरहरूको तुलनामा मोहीयानी सम्झौतामा जग्गा कमाउन दिने जमिनदारहरूको सङ्ख्या सीमित छ । त्यसैले प्रतिस्पर्धा त हुन्छ नै, साथै जमिनदारबाट पनि पहिले भन्दा कडा सर्तहरू राखिने छ ।

मोहीयानी सम्झौतामा "जिरात्तो" भन्ने एउटा यस्तो सर्त पनि छ, जसमा मोहीले ऋण लिएबापत दिइने खेतबाहेक जमिनदारले तोकेको खेतमा सित्तैमा काम गर्नुपर्ने हुन्छ । "जिरात्तो" मा खेती गर्ने जग्गामा मोहीयानी जग्गाभन्दा बढी उत्पादन हुनुका साथै त्यसमा उत्पादन भएको सबै बाली जमिनदारको हुन्छ, मोहीको हुँदैन । त्यसमाथि "जिरात्तो" को काम नसकिएसम्म मोहीले आफ्नो जग्गामा काम गर्न पाउँदैन ।

"अहिले त यस्तो समस्या छ, अझ हामी सबै मोही बन्नेतर्फ लाग्यौँ भने त जमिनदारहरूका सर्त कति कठोर होलान्" बासिन्दाहरूले यसो भन्न थाले । साथै हाल मोही बनिरहेकाहरूको पनि "जमिनदारको अधीनमा रहेरभन्दा स्वतन्त्र रूपले ज्यालादारी गरेर बढी आम्दानी गर्न सक्ने हो भने त त्यतै लाग्न बेस हुन्छ । तर वास्तवमा वर्षभरि लगातार ज्यालादारीको काम नहुने हुनाले हामी मोही बन्न विवश छौँ" भन्ने भनाइ अर्थपूर्ण थियो ।

हामीले "वर्ग" भनी ठानेका कमैया, ज्यालादारी मजदुर तथा मोही त वास्तवमा जीवनयापन गर्नका लागि बासिन्दाहरूको "रोजगारीका अवसरको छनोट" मात्र रहेछ । बाध्यता र परिस्थितिसँग सम्झौता गरी विभिन्न कुरामा मेलमिलापका साथ तिनीहरू पुनर्वासको कठिन वातावरणमा जीवनयापन गर्दै आएका थिए । यसरी मोहीको छनोट गर्न लगाउने मेरो विचारले उनीहरूको जीवनमा स्थिरता ल्याउनुको सट्टा उल्टो विपत र अस्थिरता ल्याउने समेत डर भयो ।

यहाँनेर आएपछि बल्ल हाम्रो कार्ययोजनालाई बासिन्दाहरूको तर्फबाट आधारभूत रूपमै सुधार गर्नुपर्ने देखियो । जगतको स्पष्टीकरणमा सन्तुष्ट भए तापनि अब के गरे जाती हुन्छ भन्ने आफूलाई थाहा भएन । यसरी तीन वर्षभन्दा बढी समयको अनुसन्धानबाट तयार भएको कार्ययोजना फेरि जगैदेखि भत्किने भयो ।

## अनिकालको अवस्था

"उपल्लो वर्गतर्फ उन्मुख गराउने" भन्ने हाम्रो कार्ययोजनामा परिवर्तन ल्याउनुपर्ने आवश्यकता बोध भयो । अब कस्तो कार्यक्रमलाई योजनामा समावेश गर्दा ठीक होला भन्नेबारे चिन्तनमा व्यस्त भइरहेकै बेला, अप्रिलको अन्ततिर स्पेसबाट एउटा प्रतिवेदन पेश गरियो (SPACE 1999) । त्यो 'पाइलट प्रोजेक्ट' भनी सञ्चालन गरिएको गतवर्षको क्रियाकलापको विश्लेषण प्रतिवेदन थियो ।

उक्त प्रतिवेदनमा मैले एउटा चाखलाग्दो सन्दर्भ भेट्टाएँ । पुनर्वास क्षेत्रमा प्रत्येक वर्ष बाली भित्र्याउनुभन्दा केही महिना अगाडिदेखि खाद्यान्नको अति अभाव हुने भएकोले स्पेसको मद्दतमा बासिन्दाद्वारा नै समस्या सुल्झ्याउने उपायबारे लेखिएको थियो । स्पेसमा सम्पर्क गर्दा त्यस बेला जगत काठमाडौँ आइसकेको थाहा पाएपछि म कार्यालयमा गएँ । उनले अरू थुप्रै सान्दर्भिक घटनाहरू सुनाए ।

एउटा घटना तीन वर्षअघि स्पेसद्वारा पुनर्स्थापन क्षेत्रमा अनुसन्धान सुरु गरिएको बेलाको थियो । अनुसन्धान टोलीका सदस्यहरूले साक्षरता कार्यक्रम तथा सभामा बासिन्दाहरूका समस्याबारे कुरा सुनिरहेको बेला "खउरेही" भन्ने एउटा अचम्मको प्रथाबारे चर्चा भएको थियो । पुनर्वासी बासिन्दाहरूको जग्गा उपभोग गर्ने अधिकारलाई सरकारबाट मान्यता दिइएको भए तापनि पर्याप्त जग्गा कसैको पनि थिएन । तीमध्ये सबैभन्दा राम्रो जग्गा प्राप्त गरेका भनिने

परिवारले पनि नौ महिनाभन्दा बढी खान पुग्ने अन्न उब्जाउ गर्न सक्दैनथे। आफ्नो जग्गाको उब्जनीबाट खर्च धान्न नसकेपछि अरू काम गर्नुपर्ने बाध्यता थियो। सदस्यसङ्ख्या कम भएका परिवारमा अथवा बिरामी परी ज्यालादारी काम गर्ने सदस्यहरू कम भएको घरमा खाद्यान्नको ठूलो अभाव हुने गर्थ्यो। साथै प्रत्येक वर्ष बाली भित्र्याउने समयभन्दा तीन महिनाअघिदेखि प्रायः असार–भदौको तीन महिला त्यस्ता परिवारमा गत वर्ष भित्र्याएको अन्न तथा पैसा पनि सकिँदै जाने र अरू आम्दानीको बाटो पनि नहुने हुनाले भोकमरीको अवस्था सिर्जना हुन्थ्यो। यस्तो स्थितिमा अरू केही उपाय नभएपछि विवशतापूर्वक जमिनदारसँग ऋण लिनैपर्ने हुन्छ। यसप्रकारको ऋणलाई 'खउरेही' भनिन्छ। यसको ब्याजदर पनि अति नै महङ्गो हुन्छ। वार्षिक हिसाब गर्दा झण्डै २५ प्रतिशतभन्दा पनि बढी।

जगत र अनुसन्धान टोलीका सदस्यहरूले बासिन्दाहरूसँगको कुराकानीबाट यस समस्याबारे थाहा पाएका थिए। तर यथार्थमा यो समस्या कत्तिको गम्भीर थियो भनेर अनुभव गर्न पाएका थिएनन्। कमैयाका अरू समस्या धेरै थियो। तर जगतहरू "अनुसन्धानकर्ता" को रूपमा गाउँमा बसोबास गर्न थाले पनि व्यापक रूपमा सहयोग कार्यक्रम सुरु गर्न बजेट प्राप्त नभएको कारण उक्त समस्याको समाधानमा कुनै प्रयास भएको थिएन।

रमेशसँग जोडिएको समस्यालाई पन्छाएर कार्यक्षेत्रको अनुसन्धान पुनः सञ्चालन गरेपछि सन् १९९७ को गर्मी यामदेखि स्पेसका कार्यकर्ताले पुनर्वासीहरूको वर्तमान जीवनशैलीलाई अनुसन्धानमा केन्द्रित गरी तिनीहरूको समस्याको खोजी गर्न थालेका थिए। त्यस बेलाको बासिन्दाहरूको लागि खाद्यान्नको सङ्कट पर्ने समय थियो।

जगतले हरैया गाउँका कालिराम भन्ने व्यक्तिलाई समस्याबारे सोद्धा उनले यसरी झोक्किँदै जवाफ दिए, "के कस्तो कुराको समस्या छ अरे! बुझ्दैन कि क्या हो? मेरो परिवारले तीन दिनदेखि खान पाएको छैन। तपाईंले मेरा नानीहरू भोकले रोइरहेको देख्नु भएन?"

"माफ गर्नुहोला। तपाईंहरूले खान नपाएको समस्या बुझेँ। हामीले तपाईंहरूका लागि खाद्यान्न किनिदिए पनि आखिर कमैयाको समस्या त यत्तिकै समाधान हुँदैन। हामीले त कमैया समस्याकै समाधानका उपायहरू पो खोजिरहेका छौँ त।"

"तपाईंले एउटै औषधिले सारा बिमार निको पार्नसक्छ भन्ने ठान्नुहुन्छ कि क्या हो ? टाउको दुख्दा टाउकाको औषधि खानुपर्छ र पेट दुख्दा पेटको औषधि खानुपर्छ । अहिले यस्तो सङ्कटको अवस्थामा तपाईंले हाम्रो लागि केही गर्न सक्नु हुन्छ ?"

यस वर्षको लागि स्पेसले शाप्ला नीरबाट सर्वेक्षणको साथै सरूवा रोग नियन्त्रण अभियान तथा साक्षरता कार्यक्रम सञ्चालनका लागि बजेट प्राप्त गरेको थियो । तर त्यसमा खाद्यान्न अभावपूर्तिको लागि भनेर बजेट समावेश गरिएको थिएन । भोका गाउँलेका आँखाअगाडि भएर पनि हामीले केही गर्न सकेनौँ । कनरा आयोगलाई सहयोग गर्न नसकेको बेलामा जस्तै अहिले पनि जगतको मन दुःखित भयो ।[३]

## खउरेहीबाट बच्न सामूहिक कोष

त्यस बेलाको अनुभवको आधारमा सन् १९९८ देखि सुरु भएको पाइलट प्रोजेक्टको अवधिमा बासिन्दाहरूका प्रस्तावअनुसार नयाँ कार्यक्रम सञ्चालन गर्नका लागि अनौपचारिक रूपमा "भइपरिआउने खर्च" छुट्ट्याइएको थियो । जगतहरूले यतिखेरसम्म गरेको सर्वेक्षण परिणामप्रति स्थानीय बासिन्दाद्वारा प्राप्त पृष्ठपोषणका आधारमा कुन कुन समस्यालाई प्राथमिकता दिँदा राम्रो होला भन्ने कुरामा पुनः बासिन्दाहरूसँगै छलफल गरियो ।

जग्गाको कमी हुनु, आर्थिक ज्यालादारी गरे पनि उचित ज्याला नपाइनु, मोहीयानी सम्झौता गर्न चाहने जमिनदार प्रशस्त नहुनु र जिरात्तो (सित्तैको मजदुरी) खोज्ने जस्ता अन्य समस्याहरूबारे छलफल भयो । तर स्पेसले यी समस्यामा हात हाले पनि चाँडै नै सुल्झाउन सकिने खालका भने थिएनन् । अझ त्यसमा "खउरेही" को समस्या पनि थियो ।

पोहोर साल हरैया गाउँमा जगतसँग रिसले झोक्किने तिनै कालिरामले यसरी प्रस्ताव राखे, "हामीले खाद्यान्न बेसाउनका लागि जमिनदारको सट्टामा स्पेसबाट थोरै ब्याजमा ऋण लिन सकिँदैन र ? यस्तो भए त हामीले जमिनदारको ऋण बोक्न पर्ने थिएन नि ।" जगतको मुखबाट "भइहाल्छ नि" भन्ने शब्द निस्कनै

---

[३] आखिरमा कालिरामले यस वर्ष आफ्नो एउटा खेत बेचेर खाद्यान्न बसाउनका लागि खर्च जम्मा गरे । जमिनदारको ऋणले गर्दा ठूलो कष्टले पाएको जग्गा पनि त्यागनु पऱ्यो ।

लागेको थियो । तर उनले एकछिन विचार गर्दै जवाफ दिए, “यो एउटा राम्रो प्रस्ताव हो । तर हामी यहाबाट हटचौँ भने रकम जुटाइदिने कोही नहुने हुनाले फेरि स्थिति जस्ताको तस्तै भइहाल्छ । अरू पनि केही उपाय छन् कि ?”

पुनर्वासीहरूले यसलाई “गृहकार्य” को रूपमा आ-आफ्नो गाउँमा लगेर अरूसँग पनि छलफल गर्ने निधो गरे ।

केही हप्तापछि खैरेनी गाउँका इन्द्र नाम गरेको व्यक्ति जगतकहाँ आएर भने, “आजसम्म हामीले आफ्नो सञ्चित खाद्यान्न सकिएपछि जमिनदारबाट खउरेही ऋण लिई आफ्नो भोक टार्दै आएका थियौँ । अबदेखि जमिनदारको सट्टा स्पेसबाट हामीले केही ब्याज तिरेर ऋण लिन चाहन्छौँ । स्पेसबाट ऋण लिने व्यक्तिहरूकै पहलमा एउटा सामूहिक कोषको पनि स्थापना गरिने छ । यसलाई दुई-तीन वर्षसम्म सञ्चालन गर्न सकियो भने सुरुमा स्पेसबाट लिएको ऋणबराबरको रकम जम्मा हुने सम्भावना हुन्छ । त्यसपछि हामीले त्यो कोषबाट पनि काम चलाउन सक्छौँ र स्पेसबाट समेत ऋण लिन नपर्ने हुन्छ ।”

## पुनर्वासीहरूको वास्तविक समस्या

इन्द्रको प्रस्ताव कालिरामलाई सुनाउँदा उनी “एकदमै राम्रो विचार हो” भनेर खुशी भए । जगतले कालिरामसँग खउरेहीको समस्या गम्भीर हुनाको कारण बुझेपछि त पहिले हामीले गरेको वर्गीकरण नमिल्ने रहेछ । हामीले बुझेभन्दा फरक, कमैयाहरू पनि दुई खालका पो रहेछन् ।

पहिलो “एक सालो कमैया” (अर्थात् व्यक्तिगत कमैया), जसको अर्थ हुन्छ, एक व्यक्तिले जमिनदारसँग कमैया भई काम गर्ने सम्झौता गर्नु । यसमा जमिनदारको कठोर नियन्त्रण हुने हुनाले अरू काम गर्ने मौका हुँदैन । साथै कठिन काम गरेर पनि थोरै ज्याला पाउने जस्ता नकारात्मक पक्ष भए तापनि विशेष व्यावसायिक ज्ञानसीपको आवश्यकता नपर्ने हुनाले एक्लो व्यक्तिको लागि सधैँ काम पाइराख्ने र विभिन्न कारणले उब्जनीमा तलमाथि परे पनि एकैनासको ज्याला पाउने सम्भावना हुन्छ । त्यसैले सदस्यसङ्ख्या धेरै भएका परिवारबाट एक सालो कमैया बनी काम गर्नेहरू पनि निकै रहेछन् ।

दोस्रो “पुर्ख्यौली कमैया” (अर्थात् पारिवारिक कमैया) हो । यसमा पूरै परिवार कमैया भएर जमिनदारले दिएको छाप्रोमा बस्नुपर्ने सर्त राखिएको हुन्छ । यो पुनर्वासीहरूको लागि अन्तिम र सबभन्दा कठोर छनोट हो । अर्थात् यस

सम्झौताले कम्तीमा पनि एक वर्षसम्म सम्पूर्ण परिवारले आफ्नो स्वतन्त्रता गुमाउनुका साथै अन्य कुनै काम गर्ने मौका पाउँदैन । त्यसमाथि ज्याला पनि निकै थोरै दिइने हुनाले परिवारको कुनै सदस्य बिरामी भई पैसाको खाँचो पऱ्यो भने पनि जमिनदारबाट ऋण लिनुबाहेक अरू उपाय हुँदैन । अन्तमा त्यो परिवार ऋणी मजदुरमा परिवर्तित भई त्यसबाट कहिल्यै छुट्कारा पाउन सक्दैन ।

पुनर्वासीहरू प्रत्येक वर्षको अनिकालमा बाँच्नकै लागि भए पनि चर्को ब्याज तिरेर जमिनदारबाट “खउरेही” ऋण लिन विवश थिए । उक्त ऋण तोकिएको म्यादभित्र बुझाउन नसकेमा जमिनदारले जबर्जस्ती पुर्ख्यौली कमैयाको सम्झौता कागज गरिदिन्थे । अर्थात् पुनर्वासीहरूका लागि जमिनदारसँग खउरेही ऋण लिनु भनेको निश्चित रूपले ऋणी मजदुर बन्नु अथवा त्यसको निकटतम अवस्थामा पुग्नु बराबर थियो । त्यही कारणले गर्दा नै कालिरामका परिवारले तीन दिनसम्म खान नपाए तापनि ऋणी मजदुरको नियति भोग्नुभन्दा भोकै बस्ने कष्ट गरेका थिए ।

हामीले के गरेमा पुनर्वासीहरूको जीवनस्तरमा परिवर्तन ल्याउन सकिन्छ भन्ने पक्षमा विचार गरिरहेका थियौँ । उनीहरूलाई कमैया, ज्यालादारी मजदुर तथा मोही केहीको मतलब थिएन । तर “कसो गर्दा ऋणी मजदुर हुनबाट बँचिन्छ ?” भन्ने नै उनीहरूको सबभन्दा ठूलो चुनौतीको विषय थियो ।

## पहिलो उपलब्धि

त्यसपछि जगतले हरैया र खैरेनी गाउँका ‘खेल’ लाई “प्रत्येक गाउँमा खाद्यान्न सङ्कटबाट पीडित परिवार के कति छन् पत्ता लगाएर इन्द्रद्वारा प्रस्ताव गरिएको समूहको कार्यक्रममा सहभागी हुने इच्छा गर्छन् कि गर्दैनन् निश्चित गर्नुहोला” भनी अनुरोध गरे । पीडित परिवारहरू समूहमा सहभागी हुने निश्चित भएको खबर ‘खेल’ बाट प्राप्त भएपछि जगतले पुनः एकपटक गाउँमा गई सदस्यहरूले यस कार्यक्रमको उद्देश्य बुझेका छन् कि छैनन् र आफ्नो कोष नबनेसम्म यसलाई निरन्तरता दिने विचारमा छन् कि छैनन् भन्ने कुराको निश्चित गरे । त्यसपछि कसले कति ऋण लिने र ब्याज कति तिर्ने, ऋण बुझाउने म्याद कहिलेसम्म राख्ने र सबैसँग रकम सङ्कलनको जिम्मा लिई कसले स्पेसलाई बुझाउन जाने आदि कुरा उनीहरू आफैले छलफल गरी निश्चित गरे । साथै

त्यसमा हरैया र खैरेनी गाउँका समूहको नियम छुट्टाछुट्टै हुने भए पनि एकले अर्को समूहको निर्णयमा हस्तेक्षेप नगर्ने कुरा भयो ।

सन् १९९८ को अगस्त महिनामा हरैया र खैरेनी गाउँबाट १५-१५ जनाको "खउरेही समूह" बनाई स्पेसबाट प्रारम्भिक ऋणको रूपमा कुल २५ हजार छ सय रुपियाँ नगद वितरण गरियो । सदस्यहरूले आफ्नो आवश्यकताअनुसार आठ सयदेखि तीन हजार रुपियाँसम्म सापट लिए । त्यो रकम यस वर्षको लागि अनौपचारिक रूपमा छुट्ट्याइएको आकस्मिक खर्चबाट व्यहोरिएको थियो । साथै चुक्ता गर्ने म्याद अर्को वर्षको चैत्र १५ सम्म तोकियो ।

स्पेसले यस वर्ष शाप्ला नीर समक्ष पाँचवर्षे कार्ययोजना पेश गरे तापनि त्यसमा खउरेही समूहको विषयमा उल्लेख गरेको थिएन । जगत र स्थानीय कार्यकर्ताको भनाइअनुसार बासिन्दाहरूको सहमतिविना कुनै पनि प्रयासलाई दीर्घकालीन योजनाको रूपमा आत्मविश्वासका साथ अगाडि बढाउन सकिँदो रहेनछ । पाँचवर्षे योजनालाई तीन वर्षमा छोट्ट्याउन शाप्ला नीर टोकियोको अनुमति लिइयो । एक वर्षपछि, १९९९ मार्चमा दुवै खउरेही समूहले स्पेसबाट लिएको ऋण सम्झौताअनुसार सबै फर्काए । त्यतिमात्र होइन, इन्द्रको भनाइअनुसार अहिलेसम्म जमिनदारलाई तिर्नुपर्ने ब्याजको रकम दस हजार रुपियाँभन्दा पनि बढी स्थानीय बासिन्दाहरूको आफ्नै भयो । बासिन्दाहरू स्वयंले प्रस्ताव राखी सञ्चालन गरेको कार्यक्रमले यसरी सफलता प्राप्त गर्‍यो ।

## आश्चर्यचकित कार्यालय प्रमुख

"यस प्रक्रियाबारे जगतले मलाई किन छिटो खबर नगरेका होलान् ?"

खउरेहीबारे पहिलोपटक कार्यक्षेत्रबाट प्रतिवेदन प्राप्त गरिसकेपछि ध्रुवले आफू "व्याकुल" भएको बताउनुभयो । त्यसको कारण कार्यक्रमको क्रियाकलाप उहाँले सोचेको कुरासँग पूर्णरूपले मेल नखाने खालको थियो । उहाँले बर्दिया जिल्लाको कार्यक्रमबारे आफ्नै सोचाइ बनाउनु भएको थियो । स्पेसले विगतमा अरू ठाउँहरूमा सञ्चालन गरिएकोभन्दा भिन्दै किसिमका क्रियाकलाप सञ्चालन गर्ने इच्छा उहाँको थियो । त्यसमध्ये एउटा "कार्यक्रममा प्रमुख भूमिका मौलिक संस्था 'खेल'को हुने" भन्ने थियो । त्यसको कारण के थियो भने दुई वर्षअघि ध्रुवले बर्दिया जिल्लामा कार्यक्षेत्रको सर्वेक्षणको पुनः सञ्चालनका लागि गाउँका प्रमुख "बादोगा" सँग कुराकानी गर्नुभएको थियो । गाउँका चाडपर्वमा तथा अन्य

मामलामा गाउँलेहरूबीचको झगडामा मेलमिलाप गराउन ठूलो भूमिका खेल्ने यस मौलिक संस्थाले गाउँको विकासमा पनि सक्रिय भूमिका निभाउन सक्छ भनी जगतले आफ्नो विचार राख्दा गाउँका मुख्य व्यक्तिहरू खुशी भएका थिए। त्यसपछि "स्पेसले विगतमा जहाँ पनि बासिन्दाहरूको नयाँ समूह बनाएर क्रियाकलापलाई अगाडि बढाउने गरेको छ। पहिलेदेखि नै स्थापित भएका गाउँलेहरूकै संस्थालाई क्रियाकलापमा केन्द्रित गर्न सकेमा आदिवासी थारू जातिको मौलिक परम्परा तथा जीवनशैली सुहाउँदा कार्यहरू गर्न सकिन्छ कि !" ध्रुवले भन्नु भयो। तर कार्यक्षेत्रको प्रतिवेदनमा 'खेल' भन्दा बेग्लै एउटा नयाँ समूह बनाइएको थियो। त्यहाँ पनि पहिले एकमुष्ट ऋण लिई पछि चुक्ता गर्ने आदि प्रक्रिया सिन्धुली जिल्लाको "ऋणमुक्त समूह" को क्रियाकलापसँग मिल्दोजुल्दो थिए। त्यसैले ध्रुवले "माथिल्लो वर्गमा उन्मुख गराउने कार्यक्रम असफल भएपछि आत्तिएका कार्यकर्ताले बासिन्दाहरूलाई यसमा करकापमा पारेका पो हुन् कि ?" भन्ने शङ्का प्रकट गर्नुभयो।

ध्रुवले कार्यक्षेत्रको प्रतिवेदन स्वाभाविक रूपमा स्वीकार गर्न नसक्ने कारण अर्को पनि थियो। "सञ्चालन भएका दुईओटै समूहले तोकेको म्यादभित्रै ऋण असुल गरे" भनी त्यसमा उल्लेख थियो। त्यस्तै काम गरिरहेको सिन्धुली जिल्लामा समूहको गठन भएपछि बाढी आएकोले सदस्यहरूबाट रकमको असुली सोचेजस्तो हुन नसक्दा स्पेसले कैयौँ पटक म्याद थप्दै जानु परेको थियो। तर बर्दियामा छ महिनामै सापट लिएको रकम फर्काउनुका साथै दस हजारभन्दा बढी कोष जम्मा गर्न सफल भए भनियो। "त्यस्तो हुन्छ जस्तो त लाग्दैन। पक्कै पनि केही गडबड भएको होला" भन्ने सोचेर बर्दिया गई वास्तविक कुरा आफ्नै आँखाले हेर्ने निधो गर्नुभयो। त्यहाँ गएर उहाँले खउरेहीका सदस्यमात्र नभएर बादोगा तथा त्यहाँका अन्य बासिन्दालाई पनि सोधपुछ गर्नुभयो। त्यो कार्यक्रम सबै उनीहरू आफैले सुरु गरेको कुरा बताए। सम्पूर्ण ऋण असुली गरी कोष खडा गरेको कुरा पनि झूटो थिएन। उनीहरूको निमित्त यो काम कति महत्त्वपूर्ण सावित भयो भन्ने कुरालाई एकजना पुनर्वासी महिलाको भनाइले झन् प्रमाणित गऱ्यो:

> मेरा लोग्नेले स्पेसबाट आठ सय रुपियाँ ऋण सापट लिनुभएको थियो। तर त्यसको ब्याज तिर्नु परेन। यदि त्यति रकम जमिनदारसँग लिएको भए ब्याजसहित झण्डै दुई हजार रुपियाँ नतिरी हुँदैनथ्यो। यस वर्षको बाली राम्रो नभएको कारणले तिर्न नसकी अर्को वर्षमा तिर्नु पऱ्यो भने ब्याज बढेर पाँच हजार रुपियाँसम्म पनि पुग्थ्यो होला।

> जसले गर्दा हामी आफू बसेको घरजग्गासमेत त्याग्नुपर्ने पनि हुन सक्थ्यो । स्पेसको कृपाले गर्दा साँच्चै नै हामी बँच्यौं । त्यसैले अरूले छोडे पनि मैले मेरो लोग्नेलाई यो छोड्न दिने छैन ।[४]

यसपछि बल्ल ध्रुवलाई कार्यक्रमको "सत्यता" प्रति विश्वास भयो ।

## योजना परिवर्तन

माथि उल्लेख गरिएजस्तै बेग्लै प्रकारको परिस्थितिका कारण प्रतिवेदन तयार गरी पेश गर्न गाह्रो हुने देखिएकोले वैशाख १५ सम्म समय लाग्छ कि भनेर ध्रुवले भन्नुभयो । उहाँको कुरा सुनेपछि म बढी संवेदनशील भएँ । मेरो र ध्रुवको प्रस्ताव बासिन्दाहरूले स्वीकार गर्न पनि मानेनन् । फेरि अर्कोतिर उनीहरूले स्थानीय कार्यकर्ताको सहयोगबाट आफ्ना लागि महत्त्वपूर्ण कार्यक्रम सुरु गरिसकेका थिए । मैले ध्रुव र जगत दुवैलाई फेरि सोधेँ, "तपाईंहरूले अहिलेसम्म बर्दियाका पुनर्वासीहरूका लागि गरिआएका कार्यक्रममध्ये सबैभन्दा राम्रोसँग सञ्चालन भएको छ भनी आत्मविश्वासका साथ भन्नसक्ने कार्यक्रम कुन होला ?"

"त्यो त अहिले भर्खरै कुरा गरेको "खउरेही" को कार्यक्रम नै हो नि," उनीहरूले भने ।

"त्यसो भए खउरेहीको लागि मात्र सम्पूर्ण कार्यक्रमलाई केन्द्रित गरेमा कस्तो होला ? तपाईंहरूले एउटा प्रस्ताव तयार पारी पेश गर्नुहुन्छ भने म टोकियो कार्यालयसँग कुराकानी अगाडि बढाउँछु ।"

साँच्चै भन्ने हो भने स्थानीय कार्यालयको जिम्मेवार व्यक्ति भएको नाताले पहिल्यै बजेट निर्धारणसमेत भइसकेको योजनालाई अहिले आएर परिवर्तन गर्ने भन्ने कुरा मेरो लागि एकदमै अप्ठ्यारो थियो । अर्कोतिर बासिन्दाहरूले यहाँसम्म गरिआएको कार्यक्रमलाई त्यत्तिकै रोक्ने कुरा पनि भएन । तथापि यस विषयमा टोकियो कार्यालयलाई विश्वास दिलाउनु नै मेरो कर्तव्य बन्यो ।

टोकियो कार्यालयको प्रतिक्रिया मैले सोचेजस्तो सकारात्मक भएन । सम्भावित बजेटको समस्या जसरी पनि हल गर्न सकिने भए तापनि तीन वर्ष लामो समय लगाएर तयार गरेको कार्ययोजनालाई सुरु गर्नुभन्दा अगावै फेरि परिवर्तन गर्ने

---

[४] स्पेस (1999) मा उल्लेख भएअनुसार खैरेनी गाउँको खउरेही समूहका सदस्य जङ्गवीर थारूकी श्रीमती वारा कुमारी थारूको भनाइ ।

कार्यक्षेत्रको प्रस्तावबाट टोकियो कार्यालय तर्सिनु पनि स्वाभाविकै थियो । टोकियो कार्यालयले हाम्रो प्रस्तावप्रति शङ्का गर्नुमा अर्को एउटा कारण स्पेसले बासिन्दाको समूहलाई अगाडि नै ऋण सापट दिएको विषय थियो । पहिले पनि शाप्ला नीरले बंगलादेशमा यसै गरी समूहहरूलाई अग्रिम ऋण सापट दिँदा असफल भएको अनुभव थियो (हेर्नोस् पृष्ठ ४०-४२) । त्यसैले "बासिन्दाहरूको समूह गठन भएको एक वर्षसम्म कुनै किसिमको आर्थिक तथा भौतिक सहयोग नगर्ने" हालको कार्यशैलीप्रति उनीहरू दृढ थिए । खास गरी ढाकामा आवासीय प्रतिनिधि भई पछि टोकियो कार्यालयमा कार्यरत रहेका व्यक्तिहरूले नेपालबाट आएको प्रस्तावलाई "बासिन्दाहरूलाई अरूमाथि निर्भर हुन प्रेरित गरिएको जस्तो" ठाने । तर नेपालका पुनर्वासीहरूको अवस्था बंगलादेशका भूमिहीन किसानको भन्दा फरक थियो । असार महिना लागिसकेकोले अनिकालको समय पनि नजिकिँदै आएको थियो । उनीहरूलाई दुई तीन महिनाकै लागि खाद्यान्न बेसाउने रकम तुरुन्तै चाहिन्थ्यो र आफ्नो थोरै सञ्चित रकमले पुग्दैनथ्यो । चाहिनेजति रकम जुटाउन पनि नसक्ने र भोक टार्न पनि नसक्ने हुँदा जमिनदारसँग ऋण लिई ऋणी मजदुर बन्नु बाध्यकारी अवस्था हुन्थ्यो । त्यसपछि हामीले बाह्य सहयोग गर्ने कुरा असम्भव जस्तै हुन्छ । यदि बाली भित्र्याउने बेलासम्म अनिकालबाट बँचे भने फेरि आफ्नो जग्गाबाट आम्दानी गरी स्पेसको ऋण फिर्ता गर्ने सम्भावना रहथ्यो । यस सम्बन्धमा कैयौँ पटक फ्याक्समार्फत कुराकानी भएपछि बल्ल टोकियो कार्यालयबाट योजना परिवर्तनलाई स्वीकार गरियो र शाप्ला नीर र स्पेसबीच औपचारिक रूपले तीनवर्षे सम्झौता पत्रमा हस्ताक्षर भयो । यो १९९९ अगस्तको कुरा थियो । त्यसपछि मेरो ठाउँमा नयाँ कर्मचारीको रूपमा जापानबाट ओकायामा नोरीयासुजी आउनुभयो ।

## बासिन्दाहरूकै प्रयासमा भएको प्रगति

नेपालमा काम गर्न थालेको पनि लगभग पाँच वर्ष पुग्न लागेछ । यसै वर्ष गठित छओटा समेत गरी जम्मा समूहको सङ्ख्या आठ र तिनमा सहभागी भएका परिवारको सङ्ख्या पनि १२० सम्म पुग्यो । मलाई स्वदेश फर्कनुअघि एक पटक बर्दिया जान मन लागिरहेको थियो । स्पेससँग सल्लाह गर्दा "गाउँमा पस्न गाह्रो छ तर नेपालगञ्जसम्म भए पनि गएर त्यहाँका केही बासिन्दाहरूलाई बोलाएर

भेटघाट गर्न सकिन्छ कि" भन्ने कुरा भयो । जापान फर्कनुभन्दा दुई साताअघि अक्टोबर महिनाको ४ तारिखमा म ओकायामाजीसँग नेपालगञ्ज गएँ ।

त्यहाँ बासिन्दाहरूमध्ये बादोगा तथा साक्षरता कार्यक्रममा सहभागी भएका केही महिलाहरू पनि आएका थिए । मैले व्यक्तिगतरूपमा पनि सबैसँग भेटघाट गरेँ । सबैभन्दा चाखलाग्दो कुराकानी खउरेही समूहका सदस्यहरूसँग भयो । ओकायामाजी र मैले स्पेस र बासिन्दाहरूबीच भइरहेको कुराकानी सुनिरहेका थियौँ । कुराकानी चलिरहेको थियो, त्यतिखेरै एउटा निकै रोचक प्रसङ्ग उठ्यो ।

त्यस वर्ष नेपालको सिमाना पारि भारतको उत्तरी भागमा आएको बाढीको कारण भारतीय व्यापारीहरू चामल खरिद गर्न नेपाल आएपछि बर्दिया जिल्लामा पनि चामलको भाउ वृद्धि भयो । परिणामस्वरूप खउरेहीलाई खाद्यान्न खरीदमा गत वर्षभन्दा बढी रकम लाग्ने भयो । उतातिर बचत सङ्कलनमा ढिलाइ भइरहेको थियो । यस समस्यालाई कसरी समाधान गर्ने भन्ने विषयमा त्यस दिनको कुराकानी केन्द्रित रह्यो । एउटा समूहका प्रमुखले "यस्तै हो भने त पहिले बनाएको योजनाअनुसार तीन वर्षमा पनि कोषमा रकम जम्मा गर्न सकिँदैन । बरु स्पेसलाई ऋण असुल गर्ने म्याद पुनः एक वर्षजति लम्ब्याउन सकिन्छ कि ?" भनी प्रस्ताव राखे । अरू केही प्रमुखहरूले पनि त्यो प्रस्तावमा सहमति जनाउँदै कुराकानीलाई अगाडि बढाइरहेका थिए । त्यत्तिकैमा अर्का प्रमुखले हात उठाए र भने, "जत्ति रकम जम्मा गरे पनि खाद्यान्न खरिदका लागि भनेर अर्को वर्षसम्म त्यत्तिकै राख्ने हो भने कोष बढ्ला भन्न पर्दैन । बरु त्यो रकमले बङ्गुर पालन गरी त्यसको बिक्रीबाट कोष बढाउने प्रयास हामी आफैँले गर्नु पर्छ होला ।"

यस्ता वैकल्पिक विचारहरू स्पेसका कर्मचारीबाट होइन, बासिन्दाहरूबाटै आउँदाखेरि त म छक्कै परेँ । पछि बुझ्दा खउरेही समूह गठनसम्बन्धी सुरुमा प्रस्ताव राख्ने उनै इन्द्र पो रहेछन् । त्यो प्रस्तावको कारणले गर्दा कुराकानी पनि "स्पेससँग समस्याको समाधान कसरी खोजिमाग्ने ?" बाट "हाम्रो समस्या हामी आफैँले कसरी समाधान गर्ने ?" भन्नेतिर मोडिन पुग्यो ।

अन्तमा "अबदेखि प्रत्येक समूहमा खाद्यान्न खरिदका लागिभन्दा आम्दानी बढाउने उद्देश्यले ऋण लिन चाहने सदस्यहरूलाई न्यूनतम ब्याजमा ऋण प्रवाह गर्ने" भन्ने निर्णय भयो । यो निष्कर्षमा पुग्नुअघि पनि स्पेसका कर्मचारीसमक्ष "न्यूनतम ब्याजमार्फत् आयआर्जनका लागि ऋण प्रवाहलाई प्रोत्साहित गर्दै कोष वृद्धि गर्ने कार्य छिटो गर्ने" विचार बासिन्दाहरूको तर्फबाट आएको थियो ।

बासिन्दाहरूकै प्रयासबाट जन्मेको खउरेही समूहले पुनः तिनीहरूकै प्रयासद्वारा प्रगतिको एउटा उचाइ प्राप्त गऱ्यो । "बासिन्दा आफैंले विचार गरी काम गर्ने" निर्णयबाट सुरु भएको यो प्रयास कठिन भए तापनि साकार भएको मान्नुपर्छ ।

अक्टोबर १७ तारिख पाँच वर्ष बिताएर नेपालसँग विदा भई म जापान प्रस्थान गरें ।